# महालेखा परीक्षकको कार्यालय
## Office of the Auditor General
(संघीय मामिला तथा स्थानीय विकास निर्देशनालय)

Phone: 4258174
4266034
4255707
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu
NEPAL


पत्र संख्या: २०७४/७५
च.नं. १५८७

मिति: २०७४।१२।२५

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
नौकुण्ड गाउँपालिका
रसुवा ।

लेखापरीक्षण ऐन, २०४८ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७३।७४ को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित पेस भएसम्मको लेखा र लेखासँग सम्बन्धित कागजपत्र परीक्षण गरी मिति २०७४/८/५ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया प्राप्त नभएको हुँदा कायम लेखापरीक्षण प्रतिबेदन पाना २ यसैसाथ छ । प्रारम्भिक प्रतिबेदनलाई सन्दर्भ प्रतिबेदनको रुपमा लिई यो प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा नियमानुसार फछ्र्यौट गरी सम्परीक्षण गर्नु गराउनु हुन अनुरोध गरिएको छ ।

(महेश्वर काफ्ले)
नायव महालेखापरीक्षक

# महालेखा परीक्षकको कार्यालय
## Office of the Auditor General
### (संघीय मामिला तथा स्थानीय विकास निर्देशनालय)

Phone: 4258174
4266034
4255707
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu
NEPAL


मिति २०७४।१२।२५

श्री प्रमुखज्यू,
नौकुण्ड गाउँपालिका,रसुवा ।

**लेखापरीक्षण प्रतिवेदन**

यस कार्यालयबाट नौकुण्ड गाउँपालिकाको आर्थिक वर्ष २०७३।७४ को पेश भएका आर्थिक विवरण र सो सँग सम्बन्धित कागजात लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**आर्थिक विवरण उपर व्यबस्थापन पक्षको जिम्मेवारी**

आर्थिक कार्यविधि ऐन, २०५५ आर्थिक कार्यविधि नियमावली, २०६४ स्थानिय स्वायत्त शासन ऐन, २०५५ तथा स्थानिय निकाय आर्थिक प्रशासन नियमावलि, २०६४ र प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन संचालन गर्ने तथा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यबस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी**

प्रस्तुत आर्थिक विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०४८ तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मापदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार**

कैफियत सहितको.लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा केन्द्रिय विवरणहरुमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन्:

१. लेखापरीक्षणवाट रु.५५ लाख ४६ हजार बेरुजु देखिएको छ ।सो मध्ये रु.३ लाख ७ हजार असूल गर्नुपर्ने, रु.४६ लाख ७९ हजार अनियमित र रु.५ लाख ६० हजार पेश्की बांकी रहेको छ ।

२. साविकका स्थानीय निकायको सवारी साधन, कम्प्यूटर, फर्निचर लगायतको सम्पत्ति स्थानीय तहमा हस्तान्तरण गरी अभिलेख राख्नु पर्नेमा हस्तान्तरण भएको छैन ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्वन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

४. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७४।१२।२५ मा लेखापरीक्षण प्रतिबेदन जारी गरिएको छ ।

**कैफियत सहितको लेखापरीक्षण राय**

कैफियत सहितको लेखापरीक्षण रायले त्यहांको वित्तीय विवरणहरुमा पर्ने असर र लेखापरीक्षण प्रतिबेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७३।७४ को आर्थिक कारोवार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानिय स्वायत्त शासन ऐन, २०५५ तथा स्थानिय निकाय आर्थिक प्रशासन नियमावलि, २०६४ तथा प्रचलित कानून बमोजिम रहेको छ ।

(महेश्वर काफ्ले)
नायव महालेखापरीक्षक

# नौकुण्ड गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन

गतबर्षको मौज्दात रु.१७ लाख ९५ हजार समेत रु.४ करोड ७७ लाख ७१ हजार आम्दानी भएकोमा रु.४ करोड ८ लाख १० हजार खर्च भई रु.६९ लाख ६१ हजार मौज्दात रहेको छ। सो कारोवारको लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

१. **जिन्सी बरबुझारथ र हस्तान्तरण -** कार्यालयले साविक गा.वि.स. र हाल वडा कार्यालयमा रहेको जिन्सी माल सामान के कति र के कस्तो अवस्थामा छन् सो को वर बुझारथ लिएर एकिकृत रुपमा जिन्सी श्रेस्ता खडा गरी जिन्सी हिसाव अद्यावंधिक गरेर जिन्सी निरीक्षण प्रतिवेदन तयार गरी पेश गर्नुपर्दछ।

२. **आन्तरिक आम्दानी -** स्थानीय स्वायत शासन ऐन २०५५ तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ मा गाउँविकास समितिहरुले प्राप्त गर्ने आय र आय दाखिला सम्बन्धी व्यवस्था। यस कार्यालय अन्तर्गतका साविकका गाउँविकास समिति र हाल गाउँपालिका अन्तरगतका वडा कार्यालयहरुले कर, दस्तुर, सेवा शुल्क, बिक्रि आदीबाट प्राप्त एकमुष्ट रु. ४५,७५०।- आम्दानी देखाएकोमा उक्त आम्दानीको रसीद नियन्त्रण खाता, नगदी रसीद, आन्तरीक आम्दानी खाता समेत पेश नभएकोले यथार्थ आम्दानी एकिन गर्न सकिएन साथै अन्य निकायसंग गर्नुपर्ने बाँडफाँडको हिसाव समेत पेश भएको छैन। अत: तत्कालिन गाउँविकास समितिको र हाल गाउँपालिका भैसकेपछिका वडा कार्यालयहरुको आन्तरिक आम्दानीको अबस्था बारे आवश्यक छानविन गरी हिसाव एकिन गर्नुपर्दछ।

३. **सम्पत्ति -** साविक समरथली गाविसले मोटरसाईकल खरीद गरेको भनि रु.२,५०,०००।- खर्च लेखेको छ भने अन्य गाविसहरु र वडाहरुले यो वर्ष सवारी साधन र अन्य स्थिर सम्पती वापत खर्च लेखेको देखिएन। विगत वर्षहरुमा कुन कुन गा.वि.स.ले के कति त्यस्ता सवारी साधन र स्थिर सम्पती खरीद गरेको छन् सो को जिन्सी अध्यावधिक गर्नुपर्दछ।

४. **बैंक हिसाव सम्बन्धमा -** गाउँपालिकाले पेश गरेको आर्थिक वर्ष २०७३।७४ को आर्थिक विवरणमा संचित कोषमा रु.६९,६०,९१८।- मौज्दात वाँकी देखाएकोमा आषाढ महिनाको वैंक विवरण अनुसार रु.६२,४४,७४०।- मौज्दात वाँकी देखिएकोले श्रेस्तामा भन्दा बैंकमा घटी देखिएको रु.७,१६,१७८।- मौज्दातको सम्बन्धमा आवश्यक छानविन गरी हिसाव मिलान गर्नुपर्दछ।

५. **सोझै खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धामा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न हुदैन भन्ने व्यवस्था छ। यस कार्यालयले पूंजीगत बजेट उपशिर्षकहरुबाट बिभिन्न सप्लार्यस तथा फर्महरुबाट कार्यालय सामान, फर्निचर, मेशिनरी औजार जस्ता सामान पटक पटक सोझै खरिद गरी उक्त फर्महरुलाई रु. १७,४६,०५०।- भुक्तानी दिएको देखन्छि। यसरी प्रतिस्पर्धामा सिमित हुने गरी पटकपटक खरिद गर्ने कार्य नियम सम्मत देखिएन।

६. **पेश्की बांकी -** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९१ (१) मा पेश्की सम्बन्धी व्यवस्था छ। कार्यालयले उपलब्ध गराएको पेश्की वांकीको विवरण अनुसार आर्थिक वर्षको अन्त्यमा यार्सा स्वास्थ्य चौकीको नाममा पेश्की रु.५,६०,०००।- फछ्र्यौट हुन बांकी रहेको देखिएकोले नियमानुसार फछ्र्यौट हुनुपर्दछ।

७. **अन्य प्रयोजनको खर्च -** आर्थिक कार्यविधि ऐन २०५५ को दफा ६ मा मातहत कार्यालयको लागि तालुक मन्त्रालय/विभागवाट रकम खर्च गर्ने अख्तियारी दिने र मातहतका कार्यालयले तालुक कार्यालयवाट प्राप्त अख्तियारीको सिमा भित्र रहेर खर्च गर्नुपर्ने उल्लेख छ। नमुना छनौटको अधारमा लेखापरीक्षण गर्दा छुट्टै अस्तित्व र वजेट व्यवस्था भएको पशु सेवा कार्यालयको व्यवस्थापन खर्च, फर्निचर खरीद कार्य वापत रु. १,००,०००।- खर्च लेखेको नियम सम्मत देखिदैन।

८. **आनुपातिक कट्टी -** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ (५) (ढ) मा उपभोक्ता समितिको योगदानभन्दा कम काम सम्पन्न भई रनिङ्ग बिल र मूल्याँकन प्रतिवेदन प्राप्त भएकोमा सोही अनुरुप स्थानीय निकायबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कमगरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ। उपभोक्त समिति (निर्माण) ले २०७४/३/२७ मा रु.१०,४३४।- र लच्याङ्ग पारच्याङ्ग सडक दोश्रो खण्ड निर्माण उपभोक्ता समितिले २०७४/३/२५ मा रु.५९,०२५।- समेत रु.६९,४५९।- भुक्तानी गर्दा संझौता वमोजिम कम काम भएकोमा उपभोक्ताको योगदानको अनुपात भन्दा वढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ।

९. **जिन्सी -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७(१) मा मूल्य समेत खुलाई जिन्सी आम्दानी बाँधी स्रेस्ता अद्यावधिक गरी राख्नुपर्ने उल्लेख छ। यो वर्ष वडा कार्यालयले २०७४।३।२७ मा रु.८०,०००।- को पाइप, २०७४।३।२० मा रु.१,००,०००।- को ल्यापटप र प्रिण्टर, २०७३।१०।२० मा रु.७२,२२९।- को सामान खरिद गरेकोमा जिन्सी खातामा आम्दानी बाँधेको छैन भने हस्तान्तरण गरेको प्रमाण समेत पेश गरेको छैन।

१०. **प्रयोजन बेगरको खर्च -** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २५(६) मा कुनै रकमको भुक्तानी दिंदा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ। योवर्ष कार्यालयले रु.८०,०००।- खर्चको स्पष्ट प्रयोजन नखुलाई खर्च लेखेकोले स्पष्ट आधार प्रमाण र प्रयोजन खुलेको प्रमाण पेश गर्नुपर्दछ अन्यथा असुल हुनुपर्दछ।

११. **बिल भपाई -** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) मा सम्बन्धित बजेट भित्रको रकम खर्च गर्दा अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्चका विल भपाई सहितको लेखा राख्नुपर्ने उल्लेख छ। यो वर्ष कार्यालयले रु.८५,०००।-खर्च लेखेकोमा खर्चलाई पुष्टयाई गर्ने विल भर्पाई पेश नभएकोले प्रमाण भए पेश गर्ने अन्यथा असुल गर्नुपर्दछ।

१२. **शेयरमा लगानी** - स्थानीय स्वयत्त शासन ऐन २०५५ अनुसार स्थानीय निकायमा नेपाल सरकारबाट प्राप्त अनुदानको रकमबाट विकास निर्माण सम्बन्धि योजना संचालन गर्नुपर्नेमा योवर्ष साविक भोर्लेक गाविसको कार्यालयले रसुवागढी हाईड्रोपावरमा लगानी वापत रु.१३,२२,०००।- खर्च लेखेको छ । नेपाल सरकारले स्थानीय स्तरमा योजना संचालन गरी विकास निर्माण कार्यका लागी विनियोजन गरेको रकमबाट गाविसले शेयरमा लगानी गरेको रकम नियमसम्मत देखिएन ।

१३. **असम्बन्धित विल भरपाई** - स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ४६(३) र नियम २५(६) अनुसार खर्च गर्नु पर्दछ । कार्यालयले महिला स्वयंसेवक वर्थिङ्ग सेन्टर व्यवस्थापनको लागि रु.३,०७,६०४।- खर्च लेखेकोमा वर्थिङ्गसेन्टर व्यवस्थापन समितिको निर्णय, टिप्पणी लगायत अन्य कागजात २०७४ भाद्र महिनाको पेश गरेको छ । यसरी आर्थिक वर्ष समाप्त नहुँदै पेश्की समेत नजनाई खर्च लेखेको र आर्थिक वर्ष समाप्त भैसकेपछिको विल भर्पाई पेश गरेर भुक्तानी दिने कार्य नियमसम्मत देखिएन ।

१४. **जेष्ठ नागरिक खर्च** - स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम २५ (६) मा कुनै रकमको भुक्तानी दिंदा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । कार्यालयले जेष्ठ नागरीक लगत अद्यावधिक कार्य गरेको भनि प्रति व्यक्ति रु.५००।- का दरले १०० जना जेष्ठ नागरिकहरुलाई स्टेशनरी वितरण गरेको भनि जेष्ठ नागरीकको ल्याप्चे भपाई पेश गरेर रु.५०,०००।- खर्च लेखेको छ । जेष्ठ नागरिकलाई किन र के प्रयोजनको लागी स्टेशनरी वितरण गर्नुपर्ने हो सो को आधार स्पष्ट नभएकोले सो रकम असुल गर्नुपर्दछ ।

१५. **मोटरसाईकल खरीद** - स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) मा सम्बन्धित बजेट भित्रको रकम खर्च गर्दा अधिकार प्राप्त अधिकारीबाट स्वकीकृत गराई खर्चका विल भपाई सहितको लेखा राख्नुपर्ने उल्लेख छ । कार्यालयले मोटरसाईकल खरीद वापत रु.२,५०,०००/- भुक्तानी गरेकोमा यातायात कार्यालयमा दर्ता भएको र विमा गरेको विजक पेश गरेको छैन । अतः मोटरसाईकल कार्यालयको नाममा दर्ता गरेको प्रमाण पेश गर्ने अन्यथा रु. २,५०,०००/- असुल गर्नुपर्दछ ।

१६. **भपाई** - स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ४६(३) र नियम २५ (६) मा कुनै रकमको भुक्तानी दिंदा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । कार्यालयले जेष्ठ नागरिक लगत संकलन वापत रु.१,८८,०००।- खर्च लेखेकोमा खर्चलाई पुष्ट्याई गर्ने विल भर्पाई पेश नगरेकोले सो रकम असुल गर्नुपर्दछ ।

१७. **सार्वजनिक परीक्षण** - स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १५६(प) मा योजनाको सार्वजनिक परीक्षण गरी प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले २ योजनाको रु.१,६७,०५० भुक्तानी गर्दा सार्वजनिक परीक्षण विना भुक्तानी दिएको देखियो । अतः प्राविधिक जाँचपाँस भएकोमा मिति स्पष्ट उल्लेख गरी उपभोक्ता समितिवाट भएको कार्यको सार्वजनिक परीक्षण गराई त्यसको प्रतिवेदन सम्वन्धित निकायमा प्रस्तुत गर्ने तथा नियममा भएको व्यवस्थाको पूर्ण रुपमा पालना गर्ने गराउने तर्फ ध्यानपुग्नु पर्दछ ।

१८. **आन्तरिक नियन्त्रण** - स्थानीय स्वायत्त शासन ऐन २०५५, तथा नियमावली २०५६, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ बमोजिम जिन्सी, लेखा, नगद, कार्यक्रम खर्च, प्रशासनिक खर्च लगायतमा आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनु पर्ने व्यवस्था छ । कार्यालयले प्रत्येक निजामती पदको कार्य विवरण बनाई कार्यान्वयन नगरेको, दरवन्दी पदपूर्ति नभएको, तालुक कार्यालयले निरीक्षण गरी सुझाव दिने नगरेको, मूल्य नखुलेका समानहरुको मूल्य कायम नगरेको, जिन्सी निरीक्षण गराई कारवाही नगरेको, भ्रमण अभिलेख व्यवस्थित नभएको, भ्रमण प्रतिवेदन तयार नगरेको, खरिद योजना नबनाएको, आदि अवस्था रहेको छ । कामको प्रकृतिअनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्य सम्पादनलाई नियन्त्रण, मितव्ययी र पारदर्शी एवं भरपर्दो बनाउनु पर्दछ ।

१९. **बेरुजु अभिलेख** - संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७३/१२/२५ को परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँविकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्दछ । गाउँ बिकास समितिको कार्यालयहरुको हालसम्मको वेरुजु, पेश्की बांकीको बिबरण तथा फछ्यौंटको अभिलेख रहेको पाईएन ।

**बेरुजु स्थिति**

लेखापरीक्षणवाट रु.५५ लाख ४६ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि पनि बेरुजुफछ्र्यौट गरेको छैन । प्रारम्भिक प्रतिवेदनमा कायम बेरुजु मध्ये रु.३ लाख ७ हजार असूल गर्नुपर्ने, रु.४६ लाख ७९ हजार अनियमित र रु.५ लाख ६० हजार पेश्की बांकी रहेको छ ।